**अनुसूची - ३**

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

एकल शेयरधनी भएको प्राइभेट लिमिटेड कम्पनीको नियमावलीको ढाँचा

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

**......(कम्पनीको पूरा नाम लेख्ने) प्राइभेट लिमिटेड कम्पनीको**

## नियमावली

## परिच्छेद - १
## प्रारम्भिक

१. **कम्पनीको नाम** : यस कम्पनीको नाम..........................................हुनेछ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय** : यस कम्पनीको रजिष्टर्ड कार्यालय.................... जिल्ला ....................नगरपालिका/गाउँ विकास समितिमा रहनेछ।

३. **परिभाषा** : विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले कम्पनी ऐन,२०६३ सम्झनु पर्छ।

(ख)"कार्यालय" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनु पर्छ।

(ग) "कम्पनी" भन्नाले ............................................प्रा.लि. सम्झनु पर्छ।

(आवश्यकतानुसार क्रम संख्या बढाई परिभाषा गर्नु पर्ने शब्दहरुको परिभाषा गर्ने)

४. **कम्पनीको उद्देश्य** : कम्पनीको उद्देश्य प्रबन्धपत्रको दफा ५ मा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद-२

## शेयरपूँजी तथा ऋण

५. **शेयरको अंकित मूल्य** : यस कम्पनीको शेयरको अंकित मूल्य रु. ............... हुनेछ।

६. **शेयरको बिकी वा धितोबन्धक सम्बन्धी व्यवस्था** :(१) कम्पनीको शेयर चल सम्पत्ति सरह बिकी गर्न वा धितोबन्धक राख्न सकिनेछ।

(२) कम्पनीको शेयरधनीले आफ्नो सम्पूर्ण शेयर अर्को व्यक्तिलाई बिक्री गरेमा शेयर खरिद गर्ने व्यक्तिले त्यस्तो शेयर दाखिल खारेज गर्नको निमित्त ऐन बमोजिम कम्पनीको रजिष्टर्ड कार्यालयमा निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम निवेदन परेमा कम्पनीले निवेदन परेको पन्ध्र दिनभित्र आफ्नो दर्ता किताबमा निवेदकको नाममा शेयर दर्ता गर्नेछ।

(४) उपनियम (२) बमोजिमको शेयर खरिद बिक्री भएकोमा त्यसरी खरिद बिक्री भएको पन्ध्र दिनभित्र कार्यालयलाई जानकारी गराउनु पर्नेछ।

७. **शेयर प्रमाण पत्रः** (१) कम्पनीको शेयरधनीलाई निजले लिएको शेयरवापत कम्पनी सचिव वा शेयरधनीले अधिकार प्रदान गरेको व्यक्तिको सही र कम्पनीले आफ्नो कारोवारमा छाप प्रयोग गर्ने भए कम्पनीको छाप लागेको शेयर प्रमाण पत्र दिइनेछ।

८. **शेयर पूँजी हेरफेर गर्ने कुरा** : शेयरधनीको निर्णयबाट ऐन बमोजिम शेयर पूँजी हेरफेर गर्न सकिनेछ।

९. **ऋण उठाउने कुरा** : प्रचलित कानूनको अधीनमा रही कम्पनीले आफ्नो व्यवसाय वा कारोवार सञ्चालन गर्नको लागि ऋण उठाउन सक्नेछ।

## परिच्छेद - ३

## साधारण सभा तथा सञ्चालक समिति

१० . **साधारण सभा** : यस कम्पनीको साधारण सभा हुने छैन र साधारण सभाले गर्ने सबै काम शेयरधनीको लिखित निर्णयद्धारा हुनेछ।

११. **सञ्चालक समिति** : यस कम्पनीमा सञ्चालक समिति रहने छैन र शेयरधनी आफैले सञ्चालक समितिले गर्नुपर्ने काम गर्नेछ।

## परिच्छेद - ४

## हिसाबकिताब, लेखा तथा लेखापरीक्षण

१२. **कम्पनीको हिसाबकिताव, लेखा तथा लेखापरीक्षण** : (१) यस कम्पनीको लेखा तथा हिसाबकिताब प्रचलित कानून अनुसार अधिकारप्राप्त निकायले निर्धारण गरेको लेखा मापदण्ड अनुरुप तयार गरिनेछ।

(२) कम्पनीले राख्नु पर्ने हिसाबकिताब प्रतिदिनको कारोवार स्पष्ट देखिने गरी अद्यावधिक रुपमा राख्नुपर्नेछ।

(३) ऐन बमोजिम तोकिएको रकम भन्दा बढी रकमको वार्षिक कारोबार भएको आर्थिक वर्षमा यस कम्पनीले आफ्नो हिसाबकिताब लेखापरीक्षण गराउनेछ।

(४) उपनियम (३) बमोजिम हिसावकिताव लेखापरीक्षण गराउनु पर्ने भएमा कम्पनीले ऐन बमोजिम लेखापरीक्षक नियुक्त गर्नेछ। त्यसरी नियुक्त भएको मितिले पन्ध्र दिनभित्र कम्पनीले निजको नाम कार्यालयमा पठाउनेछ।

(५) उपनियम (४) बमोजिम नियुक्त लेखापरीक्षकले लेखापरीक्षण गरेको हिसाबकिताव र लेखाबाट कम्पनीको वासलात, नाफानोक्सानीको हिसाव एवं नगद प्रवाह विवरण प्रमाणित गरी आफूलाई नियुक्त गर्ने अधिकारीलाई सम्वोधन गरी आफ्नो प्रतिवेदन कार्यालयलाई र कम्पनीलाई दिनेछ।

## परिच्छेद-५

## विविध

१३. **कम्पनी सचिव** : कम्पनी सचिवको नियुक्ति हुने कम्पनी भए सो सम्बन्धी व्यवस्था, निजको पदावधि, सेवा शर्त एवं निजको काम, कर्तव्य र अधिकार खुलाउने।

१४. **कम्पनीको छाप** : कम्पनीको कारोवारसँग सम्बन्धित लिखतहरुमा कम्पनीको छाप प्रयोग गर्ने भए सो कुरा खुलाउने । यस्तो छाप कम्पनीको शेयरधनी वा निजले अधिकार दिएको व्यक्तिको जिम्मामा रहनेछ।

१५. **कम्पनी गाभिने व्यवस्था:** (१) यो कम्पनीमा कुनै अर्को कम्पनी गाभिन सक्नेछ।

(२) यो कम्पनी**लाई** कुनै अर्को कम्पनीमा गाभ्नु परेमा कार्यालयको स्वीकृति लिई गाभ्न सकिनेछ।

१६. **कम्पनीको खारेजी:** (१) यो कम्पनी स्वेच्छाले खारेज हुन चाहेमा कम्पनी खारेजी गर्ने सम्बन्धमा शेयरधनीले निर्णय गरी सोको सात दिनभित्र ऐन अनुसार पेश गर्नुपर्ने लिखतहरु कार्यालयमा पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम खारेजीको निर्णय गर्दा खारेजीको कामका लागि एक वा एकभन्दा बढी लिक्विडेटर तथा लेखापरीक्षक नियुक्ति गर्नुपर्नेछ । त्यसरी नियुक्त भएको लिक्विडेटर तथा लेखापरीक्षकको पारिश्रमिक शेयरधनीले तोकेबमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले कम्पनी खारेजी सम्बन्धी काम कारबाही गर्नेछ ।

१७. **कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था गरिएको भए त्यस्तो कुरा:-**

१८. **अन्य आवश्यक कुरा:** अन्य आवश्यक कुनै कुरा भए सो कुरा खुलाउने ।

१९.. **नियमावली संशोधन भएमा लागू हुने अवस्था :** यस नियमावलीमा कुनै संशोधन गर्नु पर्ने भएमा शेयरधनीले निर्णय गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र नियमावली संशोधन भएको मानिनेछ ।

२०. **नियमावली बाझिएको हदसम्म निष्कृय हुने :** यस नियमावलीमा लेखिएका कुराहरु ऐन, अन्य प्रचलित कानून वा प्रबन्धपत्रसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछन् ।

२१. **संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण :** म ................... प्रा.लि. को संस्थापकले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेको छु । यो नियमावलीमा उल्लेखित नाम, ठेगाना, हस्ताक्षर, मैले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी ब्यहोरा ठीक छ । कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न म तयार छु । यो नियमावलीमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छु भनी सहीछाप गरेको छु ।

| **संस्थापकको नाम, ठेगाना र सहिछाप** | **बाबु/पतिको नाम** | **नागरिकताको प्रमाणपत्र नं. र नागरिकता प्राप्त गरेको जिल्ला/विदेशी भए राहदानी नं.** | **लिन कबुल गरेको शेयर संख्या** | **साक्षीको नाम, थर, ठेगाना र सहिछाप** | **साक्षीको नागरिकताको प्रमाणपत्र नं. र जिल्ला** |
|---|---|---|---|---|---|
| द.<br>नाम<br>ठेगाना ........<br>जिल्ला ........<br>नगरपालिका /<br>गा.वि.स,.वडा नं.<br>... व्लक नं. .....<br>फोन नं. : | | | | द.<br>नाम :<br>ठेगाना................<br>.......<br>जिल्ला............<br>........नगरपालिका/<br>गा.वि.स., वडा नं...<br>व्लक नं... | |

| | | | | | |
|---|---|---|---|---|---|
| फ्याक्स :<br>इ-मेल :<br>पो.ब.नं. :<br>दा. बा. | | | | दा. बा. | |

इति संवत् २०....... साल ................ महिना ................. गते रोज ......... शुभम्-------